# मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :- ९ संख्या :- १ मितिः- २०८२/०३/०९

## भाग- २

**मोहन्याल गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेकोछ ।**

संवत् २०८२ सालको कार्यविधि नं. १

**मोहन्याल गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२**

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

# मोहन्याल गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** गाउँपालिकालाई प्राप्त हुने समानीकरण, विशेष, सशर्त एवं समपूरक अनुदानबाट कार्यान्वयन हुने गाउँपालिकाको वार्षिकरुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिइएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको स्वीकृत गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क. यस कार्यविधिको नाम कन्टिन्जेन्सी "मोहन्याल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि,२०८२" रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यो कार्यविधिमा:

क. "कार्यविधि" भन्नाले मोहन्याल गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८२" सम्झनुपर्छ।

ख. "खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ।

ग. "खरिद नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

घ. "कार्यालय" भन्नाले मोहन्याल गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोहन्याल गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

च. "वर्क चार्ज स्टाफ खर्च" भन्नाले निर्माण कार्यको सुपरभिजन र प्रत्यक्ष रुपमा सम्बन्धित कर्मचारी खर्च, अपरेटर तथा सवारी साधन तथा मेसिनरी औजार उपकरणको मर्मत खर्चलाई सम्झनुपर्छ।

**३. कन्टिन्जेन्सी रकमको व्यवस्था:**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुमा विनियोजित बजेटको ४ प्रतिशतले हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शिर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

**४. उद्देश्य:**

कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

क. योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बाफत्को रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

ख. दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी बाफत्को रकम खर्च गर्न,

ग. कन्टिन्जेन्सी बाफत्को रकमलाइ एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

घ. भैपरी आउने खर्चको व्यवस्थापन गर्न,



CamScanner

ङ. कन्टिन्जेन्सी बाफत्कोरकमको यथार्थपरक विवरण अभिलेखिकरण गर्न,

**५. खर्च गर्न सकिने क्षेत्रहरु:**

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकम गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी र पारदर्शी ढङ्गले खर्च गर्न सक्नेछ :

क. योजना अनुगमन तथा सुपरिवेक्षण एवं योजनासङ्ग सम्बन्धित प्रशासनिक, बैठक भत्ता, गाडी भाडा लगायत खाजा-खाना खर्च,

ख. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने मेसिनरी/औजार/स्टेशनरी/फर्निचर एण्ड फिक्सिङ/सवारी साधन खरिद गर्न ।

ग. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

घ. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च

ङ. स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुसरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

च. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने कन्टिन्जेन्सी कट्टा गरिने योजना तथा कार्यक्रमहरुको हकमा १.५ प्रतिशतले हुन आउने कन्टिन्जेन्सी बाफत्को रकमबाट प्रशासनिक खर्च गर्ने प्रयोजनका लागि सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउँदा हुने खर्च ।

**६. कन्टिन्जेन्सी रकमको खर्च प्रकृति:**

योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ प्रतिशत र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

**७. कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:**

क. योजना तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा कट्टा गरिने कन्टिन्जेन्सी बाफत्को रकम एकिन गरी खर्च प्रणालीलाई व्यवस्थित रुपमा लेखाङ्कन गर्न गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी सिटिजन्स बैङ्क इन्टरनेशनल लिमिटेड मोहन्याल शाखामा मोहन्याल गाउँपालिकाको कन्टिन्जेन्सी खर्च खाता सञ्चालन गरिनेछ । उक्त खर्च खातामा कन्टिन्जेन्सी बाफत्को रकम जम्मा गरी दफा (४) मा उल्लेखित खर्च गर्न सकिने क्षेत्रहरुमा खर्च गर्न सकिनेछ ।

ख. गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बाफत्को रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाब गरी सो को लगत राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बाफत्को रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सङ्ग-सङ्गै वा सो पश्चात मात्र खर्च गरिने व्यवस्था मिलाइनेछ ।

ग. यस कार्यविधिको दफा ४ को उपदफा (ञ) बमोजिम हुने खर्चका लागि उपभोक्ता समितिको हकमा १.५ प्रतिशतले हुन आउने रकम बराबरको विल भरपाई एवम् अन्य प्रशासनिक कागजहरु समेत पेश गरेको खण्डमा सोही योजना तथा कार्यक्रमको अन्तिम भुक्तानीका बखत खर्च लेखी योजना तथा कार्यक्रमबाट नै सो बराबरको हिसाब मिलान गरी अन्तिम भुक्तानी दिइनेछ ।



CS CamScanner

घ. यस कार्यविधिको दफा ४ को उपदफा (ञ) बाहेक खर्च गरिनेको हकमा कन्टिन्जेन्सी खर्च खाताबाट खर्च हुने गरी भुक्तानी दिइनेछ।

**८. थपघट, हेरफेर वा संशोधनः**

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सकिनेछ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः**

क. यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ।

ख. तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

**१०.यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसङ्ग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner